# फलफूल विरुवा तथा बीउ आलु उत्पादनका लागि तन्तु प्रजनन प्रयोगशाला स्थापनामा सहयोग कार्यक्रम संचालन, मापदण्ड २०७७

(मन्त्रीस्तरबाट स्वीकृत मिति २०७७/०६/०२)

**प्रस्तावनाः** तन्तु प्रजनन प्रविधिको प्रयोग गरी रोगमुक्त गुणस्तरीय फलफूल बिरुवा तथा बीउ आलु उत्पादन गरी आम कृषकहरुलाई सहज रुपमा उपलब्ध गराउने उद्देश्यका साथ फलफूल बिरुवा तथा बीउ आलु उत्पादनका लागि तन्तु प्रजनन प्रयोगशाला स्थापनामा सहयोग कार्यक्रम संचालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

## १. प्राविधिक पक्ष

क) फलफूल बालीका गुणस्तरीय बेर्ना र आलु बालीको गुणस्तरीय बीउ उत्पादनका लागि यो कार्यक्रम संचालन गरिनेछ।

ख) तन्तु प्रजनन प्रयोगशाला स्थापनाका लागि न्यूनतम ५ रोपनी क्षेत्रफल भएको उपयुक्त जग्गा हुनु पर्नेछ।

ग) यस कार्यक्रमबाट प्राविधिक दृष्टिकोणले उपयुक्त तन्तु प्रजनन प्रयोगशाला र विरुवा हुर्काउनको लागि स्क्रिन घर निर्माण गर्नुपर्नेछ।

घ) यो कार्यक्रम कृषि सहकारी, कृषक समूह, कृषि फर्म तथा कम्पनीसँगको साझेदारीमा संचालन हुनेछ।

## २. आर्थिक पक्ष

स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही देहायका कार्यहरुमध्ये कुनै एक वा एक भन्दा वढी कार्यका लागि कुल लागतको बढीमा ५० प्रतिशत अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

क) तन्तु प्रजनन प्रयोगशाला भवन निर्माण र विद्युतीकरण ।

ख) मेसिनरी औजार तथा उपकरण (लेमिनार फ्लो, इन्क्युवेटर, हट एयर ओभन, अटोक्लेभ, रेफ्रिजिरेटर, अन्य ग्लास वयर्स आदि) खरिद।

ग) स्क्रिन हाउस निर्माण र सिंचाई ब्यवस्थापन।

## ३. मूल्याङ्कनका आधारहरु

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| **१** | **संरचना निर्माण गरिने स्थानमा आवश्यक पूर्वाधारको अवस्था** | **२०** |
| क | सडक, सिंचाई र विद्युत सुविधा भएको | २० |
| ख | सडक, सिंचाई र विद्युत सम्बन्धी कुनैपनि सुविधा नपुगेको तथा सबै सुविधा पुर्याउन सकिने। | १५ |
| **२** | **शैक्षिक योग्यता, ज्ञान वा सीप** | **३०** |
| क | सम्बन्धित विषयमा स्नातक वा स्नातकोत्तर अध्ययन गरेको | ३० |
| ख | सम्बन्धित विषयमा दक्षता हाँसिल गरेको जनशक्ति करारमा राखेर ब्यबसाय संचालन र ब्यबस्थापन क्षमता भएको | २५ |
| ग | सम्बन्धित विषयमा तालिम सीप वा ज्ञान प्राप्त गरेको | १५ |

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| ३ | **निर्माण स्थलको जग्गा** | १० |
| क | कम्तिमा ५ रोपनी जग्गा आफ्नै स्वामित्वमा भएको | १० |
| ख | कम्तिमा ५ रोपनी जग्गा कम्तिमा १५ बर्षका लागि लिजमा लिईएको | ८ |
| ४ | **साझेदारीमा संचालन हुने क्रियाकलापको लागत अनुपात** | १० |
| क | कुल लागतको ५० प्रतिशत भएमा ५ अंक प्रदान गर्ने र सो भन्दा थप लागत साझेदारीको लागि प्रति ५ प्रतिशत १ अंकका दरले थप गरी अधिकतम १० अंक प्रदान गर्ने। | १० |
| ५ | **व्यवसायिक योजना सम्बन्धी प्रस्ताव** (स्थलगत अनुगमन र प्रस्ताव मूल्याङ्कनका आधारमा १ देखि २० अंक सम्म प्रदान गर्न सक्ने) | १० |
| | **जम्मा** | ८० |

**४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा १६ को उपदफा ३ बमोजिमका कागजातहरु।

ख) समूह वा सहकारीको हकमा बैठक निर्णय प्रतिलिपी।

ग) प्रस्तावित निर्माण स्थलको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करार/लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम १५ बर्षको लागि प्रचलित कानून बमोजिम भएको करार सम्झौताको प्रतिलिपि।

घ) निर्माण कार्यको डिटेल कस्ट ईस्टिमेट।

**५. प्रस्तावको ढाँचाः**

**क. आवेदकको संक्षिप्त परिचय**

| | |
|---|---|
| आवेदक संस्थाको नामः | ठेगानाः |
| कार्यक्रम संचालन गरिने स्थानको ठेगानाः | प्रोपाईटर/अध्यक्षको नामः<br>सम्पर्क नः |
| सम्पर्क व्यक्तिः<br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्याः |

ख) पूर्वाधारको अवस्था र आवश्यक सामाग्रीको व्यवस्थापन

- निर्माण स्थलको क्षेत्रफल :...............
- सिंचाई व्यवस्थापन र विद्युत आपूर्तिलाई नियमित राख्न गरिने कामहरु उल्लेख गर्नुहोस् ।

- निर्माण स्थलमा सडकको सुविधाः मुख्य सडकको नाम .................... मुख्य सडक र निर्माण स्थल जोड्ने सडक/बाटोको नाम........... र मुख्य सडकबाटको दुरी..............कि.मि. र सडक/बाटोको किसिम...............
- प्रयोगशाला संचालनका लागि आवश्यक यन्त्र/उपकरण/रसायन तथा सामाग्रीहरुको व्यवस्थापन कसरी हुन्छ, उल्लेख गर्नुहोस् ।

ग) आवश्यक दक्ष जनशक्तिको व्यवस्थापन कसरी गर्नुहुन्छ, उल्लेख गर्नुहोस् ।

घ) तन्तु प्रजनन प्रयोगशालाबाट उत्पादन हुने विरुवाको वार्षिक परिमाण

| क.सं. | बालीको नाम | परिमाण | उत्पादन हुने वर्ष र महिना | बिक्री गर्ने क्षेत्रहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

ङ) संचालन गरिने क्रियाकलापहरु

| क.सं. | क्रियाकलाप विवरण | एकाइ | परिमाण | दर | जम्मा लागत | कार्यालयको अनुदान | प्रस्तावकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| क. | लागत साझेदारीमा संचालन हुने | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |

| क्र.सं. | क्रियाकलाप विवरण | एकाइ | परिमाण | दर | जम्मा लागत | कार्यालयको अनुदान | प्रस्तावकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| ख. | आफ्नै लगानीमा संचालन हुने | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| | जम्मा | | | | | | |

( च) माग गरेको जम्मा अनुदान रकम :

(छ) अनुदानग्राहीले व्यहोर्ने रकमको स्रोतहरु :

(ज) व्यवसायिक योजना

- नविनतम सोच (व्यवसाय सम्बन्धि कुनै नयाँ सोच/प्रविधि अपनाउने भए उल्लेख गर्नुहोस्)

- कृषि उपजको बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ?

(झ) अन्य बिषय केही भए उल्लेख गर्नुहोस् ।